कर्णाली प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय, सुर्खेत

### आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/११

कृषि विकास निर्देशनालय, सुर्खेतको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्न सुर्खेत जिल्लाका कृषि व्यवसायमा संलग्न ईच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुबाट निवेदन/प्रस्ताव पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (२०८२/१०/०१ गते) कार्यालय समयावधि भित्र यस निर्देशनालयमा देहाय बमोजिमका कागजात संलग्न राखी निवेदन पेश गर्नहुन अनुरोध छ। साथै सूचनाको अन्तिम दिन कुनै सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुल्ने दिन समेत निवेदन संकलन गरिनेछ।

कार्यक्रम सम्बन्धी थप जानकारीको लागी फोन नं. ०८३-५२०१८१, सूचना अधिकारी ९८५८०७१३०६ र कार्यालयको वेवसाइडः doad.karnali.gov.np मार्फत जानकारी लिन सकिनेछ।

तपशिलः

| क.स. | कार्यक्रम/क्रियाकलाप | न्यूनतम मापदण्डहरु |
|---|---|---|
| क. | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | |
| १. | लागत सहभागितामा कृषि व्यवसाय कार्यक्रम (दुई हेक्टर) | ✓ सम्बन्धीत बाली बस्तु कम्तिमा २ हेक्टर(४० रोपनी) मा समेटिएको हुनुपर्ने |
| २. | युवा लक्षित कार्यक्रम (रिटर्नी रिटेन, भूकम्प प्रभावित एवम वेरोजगार) | ✓ उमेर समूह २५ वर्ष देखि ५० वर्ष सम्म भएको<br>✓ विदेशबाट फर्किएर कृषि पेशामा आवद्ध भएको, भूकम्प प्रभावित एवम बेरोजगारलाई प्राथमिकता<br>✓ तालिम प्राप्त गरेकोलाई प्राथमिकता दिईने |
| ३. | फूल खेतीका लागि वीउ/बेर्ना तथा अन्य सामाग्रीमा सहयोग | ✓ न्युनतम २ रोपनीमा खेती हुनु पर्ने |
| ख. | सुन्तलाजात बगैंचा स्थापना तथा सुदृढीकरण कार्यक्रम | ✓ तीन वर्षको विस्तृत व्यावसायिक कार्ययोजना<br>✓ नयाँ सुन्तालाजात बगैंचा स्थापनाका लागि कम्तीमा १००० बोट विरुवा रोपण गर्नुपर्ने<br>✓ पुरानो बगैंचा सुदृढीकरणका लागि व्यावसायिक फलफूल खेति गरेको हुनुपर्ने<br>✓ जग्गा चक्लाबन्दी तथा कलष्टर मिलाउन सकिने |
| ग. | प्राङ्गारिक कृषि प्रवर्दन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम | ✓ रासायनिक मल र विषादीरहित उत्पादनमा आवद्द कृषकलाई प्राथमिकता दिईने<br>✓ जैविक मल(गोबर, कम्पोष्ट मल, गडयौला मल, नीमको तेल), जैविक विषादीको आदिको प्रयोग<br>✓ रैथाने वाली उत्पादन, प्रशोधन तथा बजारिकरण कार्यमा आवद्द भएको |

२०८२/९/११
[illegible] रोकाय
वरिष्ठ कृषि अर्थ विज्ञ (द
निमित्त निर्देशक

कर्णाली प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय, सुर्खेत

| | | |
|---|---|---|
| घ. | फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम | ✓ कम्तिमा ३०० बोट भएको बगैंचा हुनु पर्ने<br>✓ ह्रासोउन्मुख बगैंचाहरुलाई पहिलो प्राथमिकता दिने |
| ङ. | संघ सशर्त अनुदान | |
| १. | अर्गानिक कफी प्रवर्दन कार्यक्रम (लेकबेशी-६ र ९) | ✓ रासायनिक मल र विषादीरहित उत्पादनमा आवद्द कृषकलाई प्राथमिकता दिईने<br>✓ जैविक मल (गोवर,कम्पोस्ट मल, गड्यौला मल, नीमको तेल), जैविक विषादीको आदिको प्रयोग<br>✓ प्राविधिक दृष्टिकोणले उपयुक्त भएको |

**आवश्यक कागजातहरुः**

१. कार्यक्रममा सूचिकृत हुने तथा कार्यक्रम माग सम्बन्धी निवेदन
२. कृषि व्यवसाय गर्ने विवरण र प्रतिबद्धता
३. कार्यक्रम माग सम्बन्धी निर्णयको प्रतिलिपी (समूह/सहकारीको हकमा)
४. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी
५. संस्थाको गत आ.व. को लेखापरिक्षण भएको प्रतिवेदन प्रतिलिपी
६. गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी
८. नागरिकताको फोटोकपी
९. सम्वन्धीत स्थानिय तहको सिफारीस पत्र
१०. अनुदान माग रकम रु ५ लाख सम्म भए राजस्व रकम रु १००/- र ५ लाख भन्दा माथि भए राजस्व रकम रु ५००/- अनिवार्य जम्मा गर्नुपर्नेछ।

पुनश्चः अन्य कागजात तथा प्रक्रिया कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

२०८२/०८/११

चित्र बहादुर रोकाय
वरिष्ठ कृषि अर्थ विज्ञ (दशौं)
निमित्त निर्देशक

टेलिफोन नं: ०८३-५२०३०५
वेबसाईड: www.doad.karnali.gov.np, ईमेल:- doadsurkhet@gmail.com